"स्वास्थ्य,शिक्षा,कृषि र पूर्वाधार, ढकारीका बलिया आधार"

फोन नं ९८६४८१११०२
९८६४८११३११
९८६४८११०७३

ढकारी गाउँपालिका
DHAKARI RURAL MUNICIPALITY

# गाउँकार्यपालिकाको कार्यालय

OFFICE OF RURAL MUNICIPAL EXECUTIVE

ढकारी,अछाम
DHAKARI, ACHHAM
सुदूरपश्चिम प्रदेश,नेपाल
SUDURPASCHIM PROVINCE

पत्र संख्या Letter No.: २०८३/०८४
चलानी.नं Dispatch No.: ३०६

मिति: २०८३।०६।२१

---

श्री ढकारी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु,
सरोकारवाला/सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु सबै,

**विषयः आ.व. २०८३/०८४ को सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण सम्वन्धमा ।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता नियमावली २०७६ को (तेस्रो संशोधन नियमावली) २०८२ बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको श्रावण महिनाको १ गते देखि असोज मसान्त भित्र नवीकरणको लागि स्वयम् उपस्थित भई सम्वन्धित वडा कार्यालयमा निवेदन दिई नवीकरण गर्नु पर्ने प्रावधान रहेकोले आ.व. २०८३/०८४ मा नवीकरण गर्नका लागि मिति २०८३/०३/३१ गतेको सूचना वमोजिम नवीकरण गर्न/गराउन पुनः सूचित गरिन्छ । साथै ढकारी गाउँपालिका वडा नं. १ देखि ८ सम्मका सम्पूर्ण वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्न बाँकी रहेका तपसिल वमोजिमका लाभग्राहीहरुले सम्वन्धित वडा कार्यालय वा नजिकको पायक पर्ने वडा कार्यालयमा उपस्थित भई असोज मसान्त भित्र नवीकरण कार्य गर्नुहुन सम्पूर्ण ढकारी गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु, सरोकारवाला/सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई जानकारी गरिन्छ ।

..................
(प्रकाश बहादुर सावद)
एम.आई.एस. अपरेटर

..................
(नरेश बहादुर बोहरा)
प्रमुख प्रशासकीय अधिकृत

नोटः

१. अति अशक्त, पूर्ण अपाङ्गता भएका तथा वडा कार्यालय सम्म आउन नसक्ने जेष्ठ नागरिक लाभग्राहीहरुको हकमा ढकारी गाउँपालिका पञ्जीकरण शाखाबाट सम्बन्धित घरदैलो/टोलमा गई नवीकरण गर्ने कार्य भई रहेको जानकारी गरिन्छ ।

Email: ito.dhakarimun@gmail.com, website: www.dhakarimun.gov.np